*आन्तरीक लेखापरीक्षण प्रतिवेदन*

*लेखापरीक्षण गरेको निकाय : पोखरा महानगरपालिका कोष खाता, पोखरा ।*

**आ.ले.प प्रतिवेदनको अवधि : २०७८ श्रावण १ देखी २०७८ आश्विन मसान्त सम्म । (प्रथम त्रैमासिक अवधि)**

| अख्तियारी प्राप्त अधिकारी को नाम | लेखा राख्ने अधिकारीको नाम |
|---|---|
| श्री महेश बराल (प्र.प्र.अ.) | श्री जयराम पौडेल (प्रमुख लेखा नियन्त्रक) |

**भुमिका :**

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ७७ को उपदफा (२) ले गरेको व्यबस्था बमोजिम सार्वजनिक खरीद ऐन एवं नियम र लेखापरीक्षणका मान्य सिद्धान्त एवं प्रचलन समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ को उपदफा १ वमोजिम नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता समेतलाई आधार मानी चालु आ.ब उल्लेखित अवधिको आर्थिक कारोवारको प्राप्त खाता, श्रेस्ताको आन्तरीक लेखापरीक्षण गरी तपशिल वमोजिम देखिएका व्यहोराहरु उल्लेख गर्दै प्रतिवेदन पेश गरिएको छ ।

**तपसिल**

क) समग्र आर्थिक अवस्था सम्बन्धि विवरण

| | खाता, शिर्षक, कार्यक्रम | गत आ.ब को अ.ल्या | चालु आ.ब को बजेट | निकाशा | ट्रान्सफर | पेश्की | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका कोष खाता | १,३५,७८,४१,०६९।३९ | ६,२७,७५,००,०००। | २,०६,२८,४१,५१६।५३ | १४,१६,७५,२४४७१४ | | |

| क.स | स्रोत | वर्षिक अनुमानित आय | गत वर्षको अ.ल्या. | आम्दानी/निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार समनिकरण अनुदान | ६२,९१,००,०००।- | | १५,७२,७५,०००।- | |
| २ | नेपाल सरकार शसर्त अनुदान चालु | १,५७,३१,४०,०००।- | | ४९,०३,८४,०००।- | |
| ३ | नेपाल सरकार शसर्त अनुदान पूँजीगत | ३६,०५,००,०००।- | | ० | |
| ४ | नेपाल सरकार विशेष अनुदान पूँजीगत | ३,६१,००,०००।- | | ० | |
| ५ | गण्डकी प्रदेश समनिकरण अनुदान | ८,२८,०४,०००।- | | २,०७,०१,०००।- | |
| ६ | गण्डकी प्रदेश शसर्त अनुदान चालु | ६०,००,०००।- | | ३०,००,०००।- | |
| ७ | गण्डकी प्रदेश समपुरक अनुदान चालु | ४०,००,०००।- | | २०,००,०००।- | |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | ६,१८,७६,०००।- | | | |
| ९ | संघीय सरकार राजश्व बाँडफाँड | ३१,२१,५४,७००।- | | ३,१६,४०,४४७।१४ | |
| १० | आन्तरीक श्रोत (आन्तरीक आय) | ३,२४,९०,६५,३००।- | १,३५,७८,४१,०६९।३९ | १,३५,७८,४१,०६९।३९ | |
| | जम्मा | ६,३१,४७,४०,०००।- | १,३५,७८,४१,०६९।३९ | २,०६,२८,४१,५१६।५३ | |

- **पेश्की रु** : नभएको ।

*वडागत राजश्वको अवस्था :*

| *क्र.स.* | *वडा* | *सम्पत्तिकर रु* | *नगदीकर रु* | *जम्मा रु* | *कैफियत* |
|---|---|---|---|---|---|
| १ | नगरकार्यापालिकाको कार्यालय | २४३५८५६२।६८ | २३२१६८७५४।७४ | २५६२२७३१७।४२ | |
| २ | वडा न. १ | १३८२१९९।१७ | १००११४७।८९ | २३८३३४७।०६ | |
| ३ | वडा न. २ | १०८३११४। | ७५२११५।०७ | १८३५२२९।०७ | |
| ४ | वडा न. ३ | १७१८६६०।३१ | ८५३७२७।९० | २५७२३८८।२१ | |
| ५ | वडा न. ४ | २५९५९२४।०३ | १७५११३६।८८ | ४३४७०६०।९१ | |
| ६ | वडा न. ५ | ३११४६१६।४७ | २९१८१७२।१६ | ६०३२७८८।६३ | |
| ७ | वडा न. ६ | ७२७१०४०।५९ | ३६७८५१४।८७ | १०९४९५५५।४५ | |
| ८ | वडा न. ७ | ३२७३४२७।१६ | १३१९४७७।६४ | ४५९२९०४।८ | |
| ९ | वडा न. ८ | ६२५५६१९।९६ | ६६७७१२८।२१ | १२९३२७४८।१७ | |
| १० | वडा न. ९ | १७८८७०८।९५ | ३९७८५३२।५९ | ५७६७२४१।५४ | |
| ११ | वडा न. १० | ३७७०२९९श्र७८ | २४००६८८।९३ | ६१७०९४८।७१ | |
| १२ | वडा न. ११ | २४३४३४१।६८ | १६१०६२०।८६ | ४०४४९६२।५४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | वडा न. १२ | १९१५३४८।४४ | ९७५२५०।२८ | २८९०५९८।७२ | |
| १४ | वडा न. १३ | ३०१८४५२।४६ | २३८४३०८।५६ | ५४०२७६१।०२ | |
| १५ | वडा न. १४ | ४९०४४५१।१८ | ५८९०७३२।६६ | १०७९५१८३।८४ | |
| १६ | वडा न. १५ | ३७५१५२८।२२ | ३६४४०८५।७७ | ७३९५६१३।९९ | |
| १७ | वडा न. १६ | २००८४७६।७४ | २६५५२४३।०६ | ४६६३७१९।८ | |
| १८ | वडा न. १७ | ५२८३९२७।७९ | ५९१६०६०।६१ | १११९९९८८।४० | |
| १९ | वडा न. १८ | १२२१०५०।८४ | ११११८३४।३० | २३३२८८५।१४ | |
| २० | वडा न. १९ | ११९६९४५।०५ | २०२९०४३।३४ | ३२२५९८८।३९ | |
| २१ | वडा न. २० | ३८७८५७।९२ | ३७५००८।९२ | ७६२८६६।८४ | |
| २२ | वडा न. २१ | ६०४२३३।२४ | ५७५८५४।३० | ११८००८६।५४ | |
| २३ | वडा न. २२ | ४८४१७३।१३ | ६०१२२५। | १०८५३९८।१३ | |
| २४ | वडा न. २३ | ३८४८२०।०९ | ३६८९४२।२७ | ७५३७६२।३६ | |
| २५ | वडा न. २४ | ५४२४१८।४२ | ४३०६५२।७८ | ९७३०७१।२० | |
| २६ | वडा न. २५ | २५७७७४३।५२ | २२००११९।९३ | ४७७७८६३।४५ | |
| २७ | वडा न. २६ | ३३५८४१३।६५ | २०३७२३१।१७ | ५३९५६४४।८२ | |
| २८ | वडा न. २७ | ३८२८९५५।७६ | २१९५२४०।५२ | ६०२४१९६।२८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | वडा न. २८ | ४६८७४६।२९ | २८४३६१। | ७५३१०७।२९ | |
| ३० | वडा न. २९ | २३६७०३८।८१ | १७८५८२३।६७ | ४१५२८६२।४८ | |
| ३१ | वडा न. ३० | २७५८८७१।५९ | १८१७७०१।७७ | ४५७६५७३।३६ | |
| ३२ | वडा न. ३१ | ११२६८१७। | १३३३६१६।७८ | २४६०४३३।७८ | |
| ३३ | वडा न. ३२ | २२९२०९४।७६ | ९०८४८७।७५ | ३२००५८२।५१ | |
| ३४ | वडा न. ३३ | ८६२७०१।४२ | १५३४८४२।५० | २३९७५४३।९२ | |
| ३५ | | | | | |

**ख) बैक खाताको अवस्था** :

कोष खातामा मौज्दात रु ६४,६०,९२,६६९।३९ ( रु ३६००।- स्रोत नखुलेको आम्दानी बैक स्टेटमेन्टमा देखिएको )

**ग) धरौटी सम्बन्धि विवरण** :

- कोषमा मौज्दात रु .....                कर दाखिला रु ......

## आ.ले.प. को सुझाव एवं टिप्पणी

| क्र. सं | गो.भौ.नं. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएका मूख्य व्यहोरा | नियमित गर्नुपर्ने रु. | असुल गर्नुपर्ने रु | पेश्कि रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ वमोजिम विनियोजन तथा राजश्वको लेखा दोहोरो लेखाप्रणलीको सिद्धान्त वमोजिम राख्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था भएकोमा राजश्व तर्फको लेखा दोहोरो लेखा प्रणालीमा राखेको नपाइएको र राजश्वको यर्थार्थ अवस्था यकिन गर्न सकिएन । | | | | | |
| २. | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ वमोजिम राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन र सोही दिन सम्भव नभए भोलि पल्ट जिम्वेवार व्यक्तिले तोकिए वमोजिमको ढाचामा लेखा राखी बैक दाखिला गर्नुपर्ने प्रावधान रहेकोमा वडा कार्यालय १८,१९,२०,२१,२२,२३,२४ र ३३ सो अनुरुप राजश्व दाखिला भएको पाइएन । | | | | | |
| ३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३२ वमोजिम आन्तरीक नियन्त्रण समिति वन्नु पर्नेमा यस महानगरपालिकामा सो समिति गठन भएको तर क्रियाशिल भएको नदेखिएको । | | | | | |
| ४ | | | मानिपाल शिक्षण अस्पतालको आ.ब २०७७।०७८ सम्मको बांकी कर वक्यौता रकम एवं नियमानुसार लाग्ने जरीवाना समेत अशुल गर्नुपर्ने देखिएको तर सो रकम र सो पछिको पनि राजश्व रकम दाखिला नभएकोले सो असुल गर्नु पर्ने देखिन्छ । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | | पर्यटकिय नगरी पोखराका बिभिन्न सार्वजनिक स्थलहरु महेन्द्रगुफा, पातले छाँगो, गुप्तेश्वर गुफा, बिभिन्न तालहरु लगाएतको स्थानीय स्‌का्‌ सञ्चालन ऐन वमोजिम परिचालन गरी आय आर्जन गर्नुपर्ने देखिन्छ । उक्त सम्पादाहरु सार्वजनिक सम्पत्ती भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ (२) विपरित सार्वजनिक निजी साझेदारीको नाउँमा ३५-४० वर्षलाई निजी क्षेत्रलाई लिजमा दिन मिल्ने देखिदैन । तसर्थ ऐनको परिधि भित्र रही रहने गरी यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्वन्धी कानून समेत परिमार्जन गर्नुपर्ने देखिन्छ । | | | | | |
| ६ | | | पोखरा महानगरपालिका क्षेत्रको फोहरमैला व्यबस्थापन कुनै प्रतिस्पर्धा बिना ठेक्कमा लागएकोले उक्त कार्य नियमित नभएकोले प्रतिस्पर्धात्मक बिधिबाट व्यबस्थापन गर्नुपर्ने देखिन्छ । | | | | | |
| ७ | | | पार्किङ्ग व्यबस्थापन : करका दर वढाएर विगतमा उठेको भन्दा वढी राजश्व उठ्ने गरी पाकिङ्ग ठेक्का व्यवस्थापन भएको पाइएन । | | | | | |
| ८ | | | प्रथम त्रैमासिक अवधिमा वडागत रुपमा राजश्व संकलनको रसिदहरुको भिडान एवं आ.ले.प. गर्दा निम्नानुसारको अवस्था देखिएकोले आ.ले.प. एवं रकम दाखिला गराउन पहल गर्नुपर्ने देखिन्छ ।<br><br>● यस आ.व. को प्रथम त्रैमासिकको आ.ले.प. गर्दा वडा न. २ को रु ७४०६७७।७२ को आ.ले.प. नभएको ।<br>● यस आ.व. को प्रथम त्रैमासिकको आ.ले.प. गर्दा वडा न. १९ को रु ७२२७६।- को आ.ले.प. | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नभएको । <br>● यस आ.व. को प्रथम त्रैमासिकको आ.ले.प. गर्दा वडा न. २३ को नपुग रकम रु ८३०।- दाखिला गर्न लगाइएको । <br>● यस आ.व. को प्रथम त्रैमासिकको आ.ले.प. गर्दा वडा न. २७ को नपुग रकम रु ४४८०।- दाखिला गर्न लगाइएको । <br>● यस आ.व. को मिति २०७८/०६/०७ मा पोखरा म.न.पा. नगरकार्यापालिकाको कार्यालय वाट र.न. ५५२९ वाट कविता गुरुङ्ग को नाउँमा रसिद रु २३६२।५७ जारी गरिएको तर वैक दाखिला रु १११८।- मात्र भएको हुँदा नपुग रु १२४४।५७ दाखिला गर्न लगाउनु पर्ने । | | | | | |
| ९ | | | घाटको परिचालन : पोखरा महानगरपालिका क्षेत्रका बिभिन्न घाटहरुको परिचालन निश्चित समयका लागि वडा कार्यालयहरु मार्फत भएको तर स्थलगत रुपमा रसिद जारी गर्दा पारदर्शि नभएकोले थप कडाई एवं पारदर्शि हुने किसिमले राजश्व असुल व्यबस्थापन गर्नुपर्ने देखिन्छ । साथै संघीय सरकारको निर्देशन विपरीत श्रावण आश्विनमा घाट उत्खनन भएको देखिन्छ । | | | | | |
| १० | | | सार्वजनिक खरिद प्रक्रिया तथा निर्णयलाई खुल्ला पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय वनाउन सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेयिता र विश्सनियता प्रर्वदन हुने गरि खरिद कार्य गर्नुपर्ने व्यहोरा सार्वजनिक खरिद ऐनको प्रस्तावना समेतमा उल्लेख भएकोले मितव्यियी तथा विवेक पूर्ण ढुङ्गग वाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने खरिद कार्य गर्नुपर्ने रहेको देखिन्छ तर विधायिकि मनसाय | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विपरित कार्यालयमा सिधै खरिद गरिएका सामानको दररेट वोलपत्र मार्फत गरिएको खरिदको दररेट भन्दा उच्च हुने गरेको देखिएकोले सो प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । | | | | | |
| ११ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४(१) वमोजिम गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्तनीयस्तरको विकासका लागि आवधिक, वार्षिक विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । सोही अनुरुप महानगरपासलकाको वार्षिक योजनाहरु बीच tie-up गर्ने व्यवस्था प्रचावकारी रुपमा अवलम्वन गरेको पाइएन तसर्थ उक्त व्यवस्था वमोजिम योजना व्यवस्थापन मिलाउनु पर्ने देखिन्छ । | | | | | |
| १२ | | | हाल सम्मको वकौता रकमको अभिलेख, वेरुजु अभिलेख खाता तयार भएको देखिएन् तसर्थ उक्त अभिलेख तयारी गरी असुली कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ । | | | | | |
| १३ | | | सम्पत्तिकर तर्फ भाटभटेनी, अन्नपूर्ण, विशालवजार, ट्रेड मल समेतका सुपरमार्केट/मार्ट साथै फूलवारी साग्रीला, कान्तिपुर ग्राण्ड पाम रिसोर्ट, वाटरफन्ट, हिमालयन, माउन्ट ग्लोरी लगायतका होटल/वजार एवं महेन्द्रपल, न्यूरोड, लेकसाइडका मुख्य premises को हरेक वर्ष लाग्ने कर मूल्याङ्कन गर्न छड्के जाँच/विज्ञ वाट जाँच गराउन उपयुक्त हुने साथै तिनीहरुको करको लगत र असुलीको अभिलेख राख्ने गरि tracking & internal control पद्दती वसाउन सकेमा राजश्व असुलीमा प्रभावकारीता आउन सक्ने देखिन्छ तर सो व्यवस्था गरेको पाइएन । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सवै महाशाखा, शाखाहरुलाई श्रेस्ता आ.ले.प. गराउन आ.ले.प. कार्य तालिकाको उपलव्ध गराइएको तर सो अनुरुप श्रेस्ता तयार गर्ने, श्रेस्ता पेश गर्ने आ.ले.प. गराउन महाशाख शाखाहरु वाट तदारुपता देखिएको पाइएन् । पटक पटक ताकेता गर्दा समेत आ.ले.प. गर्न सहज हुन सकेन । | | | | | |